बालीको कृषि र सांस्कृतिक पर्यटनको मेरुदण्ड 'सुबाक'

'सुबाक' र नेपालका सिँढीदार खेतबीचको साइनो

■ कविरस शर्मा

इन्डोनेसियाको बाली टापुमा प्रचलित 'सुबाक' खेती र सिंचाइ प्रणाली विश्वचर्चित छ। यो केवल धान फलाउने प्रविधि मात्र होइन, यो त मानिस, प्रकृति र परमात्माबीचको एउटा सुमधुर र पवित्र लय पनि हो। पहाडी भिरालो जमिनको छातीमा कुँदिएका सिंढीदार हरिया फाँटहरू र तिनको काखबाट संगीतमय धुन निकाल्दै बग्ने कञ्चन नहरहरू देख्दा लाग्छ, कुनै दैवी कलाकारले धर्तीको क्यानभासमा आफ्नो सर्वश्रेष्ठ कला पोखेको छ। नवौं शताब्दीदेखि नै स्थानीय जनजीवनको अभिन्न अंग बनेको यो प्रणाली सन् २०१२ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि विश्वकै एउटा अनौठो र अचम्म बनेर झुल्किएको हो। यहाँ पानीलाई केवल भौतिक वस्तु मात्रै मानिँदैन, यसलाई देवताको वरदानका रूपमा समेत पुजिन्छ। बालीको प्रसिद्ध 'त्रि हित करणा' दर्शन अर्थात् ईश्वर, मानिस र प्रकृतिबीचको त्रिकोणात्मक सन्तुलन। यही सुबाक प्रणालीको मेरुदण्ड हो, जसले आधुनिक संसारलाई दिगो विकास र सामूहिक अस्तित्वको गहिरो पाठ सिकाउँछ।

सुबाक क्षेत्र पुग्दा पर्यटकहरूलाई समयको गति नै थामिएको जस्तो एक अलौकिक अनुभूति हुन्छ। मन्दिरका पुजारी र किसानहरूले सँगै बसेर गर्ने पूजाआजा, सामूहिक छलफलबाट तय गरिने रोपाइँका शुभसाइतहरू र ढुंगाका प्राचीन कलात्मक ढोकामार्फत समान रूपमा बाँडिने पानीको व्यवस्थाले आधुनिक इन्जिनियरिङलाई समेत नतमस्तक बनाउँछ। हरेक वर्ष लाखौं विदेशी पर्यटकहरू यी मनमोहक परिदृश्यको साक्षी बन्न, तस्बिरमा ती दृश्यहरू कैद गर्न र हजार वर्ष पुरानो जीवित सभ्यतालाई नजिकबाट छाम्न यहाँ ओइरिन्छन्। बालीको पर्यटनको मेरुदण्ड मानिने यो प्रणालीले खेतीपातीलाई कसरी एउटा सुन्दर उत्सव र विश्वस्तरको आकर्षक पर्यटकीय 'ब्रान्ड' मा रूपान्तरण गर्न सकिन्छ भनेर संसारकै उत्कृष्ट नमुना पेस गरेको छ।

नेपालका पहाडी भेगमा रहेका हाम्रा गौरवशाली सिंढीदार खेतहरू र बालीको सुबाक प्रणालीबीच एउटा अद्भुत र भावनात्मक समानता भेटिन्छ। अन्नपूर्ण पदमार्गमा पर्ने घान्द्रुकका मनमोहक गन्हाहरू हुन् वा लमजुङको भुजुङ र पसगाउँका मिलेका फाँटहरू, यिनको बनोट सुबाकसँग दुरुस्तै मेल खान्छ। सुबाकले पछ्याउने दर्शन जस्तै नेपालमा पनि कुल पूजा, मण्डली परम्परा र कुलोहरूलाई पवित्र मानेर सामूहिक रूपमा संरक्षण गर्ने गौरवमय इतिहास छ। लिच्छविकालीन र मल्लकालीन राजकुलोहरू हाम्रा सामूहिक व्यवस्थापनका ऐतिहासिक साक्षी हुन्। तर, बिडम्बना के छ भने बालीले आफ्नो परम्परागत कृषिलाई 'सांस्कृतिक पर्यटन' को मुकुट पहिऱ्याएर विश्वसामु गौरवका साथ उभ्यायो, जबकि हामीले हाम्रा ती सुन्दर फाँटहरूलाई केवल खाद्यान्न उत्पादन गर्ने कष्टकर थलोमा मात्र सीमित राख्यौं। मुस्ताङका सुक्खा फाँटमा सिँचाइ गर्ने प्राचीन विधि वा पाथीभरा क्षेत्रका भिरालो जमिनमा गरिने मिहिनेतलाई सुबाकको जस्तै सांस्कृतिक स्वरूप दिने हो भने त्यहाँको माटाले सुन मात्र होइन, विश्वभरका पर्यटकहरूको आगमनबाट डलर फलाएर नेपालको अर्थतन्त्रमा क्रान्ति पनि ल्याउन सकिन्छ।

सुबाकको चर्चाको एउटा बलियो कडी भनेको सामूहिक अनुशासन र न्यायपूर्ण व्यवहार हो। पानीको बाँडफाँडमा त्यहाँ कुनै कलह देखिँदैन। किनकि मन्दिरका पुजारी र समुदायले कडा अनुशासन र पारदर्शी नियमको पालना गर्छन्। नेपालमा पनि कुनै समय कुलो प्रणालीमा यस्तै सामूहिक भावनाको संस्कृति बलियो थियो, जुन समयको अन्धवेगसँगै विस्तारै ओझेल पर्दै गएको छ। सुबाकले हामीलाई सिकाउने मुख्य कुरा के हो भने प्रविधिले मात्र विकास सम्भव छैन, त्यसलाई प्राण भर्न त सामाजिक संस्कार र मूल्यमान्यताहरू नै चाहिन्छ। बालीले आफ्नो खेती प्रणालीलाई एउटा 'जीवन्त संग्रहालय' मा बदलेको छ, जुन नेपालको ग्रामीण विकास, होमस्टे पर्यटन र सांस्कृतिक प्रवर्द्धनका लागि एउटा प्रेरणादायी मार्गचित्र बन्न सक्छ। हाम्रा सिंढीदार खेतहरू केवल खेती गर्ने ठाउँ मात्र होइनन्, यिनीहरू त हाम्रा पुर्खाले सिर्जना गरेका जीवित इतिहास हुन् जसलाई विश्व पर्यटनको बजारमा 'सुबाक' झैं चम्काउनु आजको आवश्यकता हो।

दररेट उपलब्ध गराईदिने सम्बन्धि १५ दिने सूचना

(प्रकाशित मिति: २०८२/१०/१४)

प्रस्तुत् विषयमा यस मन्त्रालयको चालु आ.व. मा उर्जा तर्फका र शुद्ध खानेपानी प्लान्ट जडान सम्बन्धि कार्यक्रमहरु संचालन गर्नको लागि तयार भएको डिजाइन तथा स्पेसिफिकेशन अनुसारका उपकरणहरुको दररेट लागत अनुमान तयार गर्ने प्रयोजनार्थ आवश्यक भएकोले इच्छुक फर्म तथा सप्लायर्सहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रमा उपलब्ध गराई सहयोग गरिदिनहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

नोटः- उपकरणहरुको विस्तृत विवरण सहितको Rate list र स्पेसिफिकेशन यस मन्त्रालयको वेभसाइट www.mowsie.koshi.gov.np मा उपलब्ध छ।

खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर

नबिल बैंक लिमिटेड, दमक शाखा, झापा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति: २०८२/१०/१४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०१/२८ **को नयाँ पत्रिका पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखितशर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा दमक शाखा, झापा** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल
ऋणीको नाम र ठेगानाको विवरण
हरी ढकालको नाति, रेवती राज ढकालको छोरा, मोरङ जिल्ला उर्लाबारी न.पा. वडा नं. ०६ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ११३-२०७१४ (जारी मिति: २०४८/०४/३०, स्थान झापा) भएको **मोहन ढकाल।**
जमानतकर्ताको नाम र ठेगानाको विवरण
कमल नारायण मल्लिककी छोरी, रेवती राज ढकालकी बुहारी, मोहन ढकालकी श्रीमती मोरङ जिल्ला उर्लाबारी न.पा. वडा नं. ०६ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ४०९/२२३१ (जारी मिति: २०५७/०९/१०, स्थान झापा) भएकी **एकता मल्लिक।**
संयुक्त धितोमा रहेको घर/जग्गाको विवरण
एकता मल्लिकको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मोरङ जिल्ला लेटाङ न.पा वडा नं. ०७ नक्सा सिट नं ७ख मा अवस्थित कित्ता नं १०३६ को क्षेत्रफल ०-१७-९-२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा दमक शाखा, झापा**को कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/१०/२८ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा दमक शाखा, झापामा** बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/२९ गते ३:०० बजे बैंकको **दमक शाखा, झापा** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४ बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगतै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगतै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरिद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।

११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **दमक शाखा, झापा** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७९८७१

आजको राशिफल

• ज्यो. काश्यप उपाध्याय

मेष

तपाईंका लागि दिन शुभ छ, धन लाभ, सुख-शान्ति, आत्मसन्तुष्टि हुने देखिन्छ।

वृष

अन्न लाभ, उत्तम भोजन, कार्य सफल, उपहार प्राप्तिको सम्भावना छ।

मिथुन

दिन शुभ देखिँदैन। धन नाश, रोगव्याधि, अनावश्यक खर्च, वादविवाद होला।

कर्कट

दिन बलवान् छ। विविध लाभ, प्रसन्नता, पैसा प्राप्तिको सम्भावना छ।

सिंह

कार्य सिद्धि, सुख-शान्ति, वस्तु वा सेवा प्राप्ति, निरोगिताले मन प्रफुल्ल होला।

कन्या

दिन शुभ छ। राज्यबाट लाभ, शुभ यात्रा, यश, मान-प्रतिष्ठा बढ्ने सम्भावना छ।

तुला

दिन त्यति राम्रो छैन, रोग, कष्ट, धन हानि स्वास्थ्य बाधा, कार्य बाधा होला।

वृश्चिक

शुभ समयले धन लाभ, प्रेम सम्बन्धमा प्रगाढता, समस्या समाधान हुनेछ।

धनु

सानै प्रयासमा आर्थिक लाभ, विजय, पारिवारिक सुख-शान्ति हुने देखिन्छ।

मकर

दिन शुभ छ, कर्म गर्नुस्, कार्य सिद्धि, सन्तान-सुख, धन प्राप्ति हुने देखिन्छ।

कुम्भ

समय शुभ छैन, पाचनमा समस्या, दिनचर्या अस्तव्यस्त, अनिद्रा, दौडधूप होला।

मीन

शुभ समयले आर्थिक लाभ, पराक्रम, उन्नति, मान-प्रतिष्ठा वृद्धि हुने देखिन्छ।

प्राङ्गारिक मल आपूर्ति सम्बन्धी शिलबन्दी आवेदन (प्रस्ताव) आव्हान

प्रथम पटक प्रकाशित सूचना मिति: २०८२/१०/१४

यस ज्ञान केन्द्रको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुदानमा "प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२" कृषकस्तरमा प्राङ्गारिक मल ८५ प्रतिशत यस कार्यालयको अनुदान सहयोग तथा बाँकी १५ प्रतिशत कृषकको आफ्नो लगानीमा कृषकस्तरमा आपूर्ति/वितरण गर्न प्रचलित कानून बमोजिम मान्यता प्राप्त (स्थापित) फर्म/कम्पनी/आपूर्तिकर्ता वितरकलाई सप्तरी जिल्लामा आपूर्ति तथा वितरण संयन्त्र भएको तथा आपूर्ति आदेश भएको वेलामा तुरन्त जिल्लाको जुनसुकै स्थानिय तह/क्षेत्रमा कृषकस्तरमा बिक्री वितरण गर्न सक्ने, मल उत्पादन तथा आपूर्ति सम्बन्धी प्रचलित कानून अनुसार मान्यता प्राप्त प्रयोगशाला परिक्षणमा प्रमाणित भएको, आफूसँग मौजदात भएको इच्छुक आपूर्ति कर्ता/वितरकबाट यो सूचना प्रकशित भएको मितीले ३० दिन भित्र तोकिएको ढाँचामा आपूर्ति गर्न चाहेको मलको विशिष्ट गुण (स्पेशिफिकेशन) सहित उत्पादन/आपूर्ति/आयात इजाजत पत्र, कर दर्ता, करचुक्ता, लेखा परीक्षण प्रतिवेदन लगायत अन्य आवश्यक कागजात प्रमाण पत्रहरु सहित विस्तृत विवरणहरु उल्लेख गरी शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुले कार्यालयसँग आपूर्ति सम्झौता गरी यस कार्यालयको सिफारिसको आधारमा कृषकस्तरमा कृषकबाट कृषक दायित्वको रकम बुझिलिई कृषकलाई बिक्री वितरण गरेको भरपाई सहित बिक्री परिमाणको आधारमा बिल लगायतको कागजात पेश गरी स्वीकृत/तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपूर्ति प्रक्रिया अनुसार कार्य संचालन हुनेछ। आवेदन (प्रस्ताव) फारम यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ। अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ। आपूर्तिकर्ताले चाहेमा एक वा एकभन्दा बढी मलको प्रस्ताव पेश गर्न सकिनेछ। आवेदन (प्रस्ताव) फारम सम्बन्धी सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित रहनेछ।

कृषि ज्ञान केन्द्र, सप्तरी

Government of Gandaki Province
Ministry of Energy, Water Resources and Water Supply
Water Supply, Water Resources and Irrigation Development Division Office
Mustang

Invitation for Bids

Date of Publication: 2082/10/14 (28 January 2026)

1. Water Supply, Water Resources and Irrigation Development Division Office , Mustang (WSWRIDDOM) invites Online Bids under e-procurement system from eligible bidders for the Construction of River Training Project. Interested eligible bidders are requested to submit their bid electronically as per instruction within the mentioned period.

S. No.	Contract No.	Description of Works	Estimated Cost (with VAT& PS) NRs.	Bid Security Amount (NRs)	Cost of Bid Document (NRs)
1	WSWRIDDOM/NCB/04/JBSA/2082/83	Construction of Jomshom Basti Sangrakshyan Aayojana Gharapjhong Rural Municipality Ward no. 4, Mustang	8756744.73	2,00,000.00	3,000.00

Last Date & Time of Bid Submission: 2082/11/15 (27 February 2026), 12:00 PM
Bid Opening Date & Time: 2082/11/15 (27 February 2026), 14:00 PM
Bid Validity Period/ Bid Security Validity Period: 90 Days/ 120 Days

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

For Purchasing Bidding Document	Cash Deposit for Bid Security
• Name of the Bank: Nepal Bank Ltd, Jomsom, Mustang • Office Code No.: 3400341014 • Name of Office: WSWRIDDOM • Office Account No.: 27302000001001000001 • Rajaswa (Revenue) Shirshak No. : 14229	• Name of the Bank: Nepal Bank Ltd, Jomsom, Mustang • Name of Office: WSWRIDDOM • Account Name: KHA 2.3-DHARAUTI KHATA • Dharauti Account No: 06602000002003000001 • Office Code No. : 3400341014

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the **WSWRIDDOM** (Tel: 9857650490; Email: doi.mustang@gmail.com.)
4. Other things not mentioned in this notice will be in accordance with the prevailing Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and amendments.

Division Chief